# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०३/०९

### आठौं अधिवेशन

### (सोह्रौं वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको सोह्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

बसौ माननीय सदस्यज्यू यहाहरुलाई समय दिएकै छ तपाइहरुको दलले विभाजन गरेकै छ समय आफ्नो समयमा कुराहरु राख्ने संसदमा समय छदै छ त्यसो भएको हुनाले तेही समयमा यहाका अरु कुराहरुलाई पनि संसद सुन्न तयार छ त्यसो भएको कारणले आफ्नो आसनग्रहण गरिदिन हुन म अनुरोध गर्दछु ।
एकजना माननीय सदस्यले आफ्ना विचार राखौ र अरु माननीय सदस्यहरु बस्नुहोस
माननीय गोविन्दराज बोहरा
माननीय सभामुख महोदय, संसद भनेको कानून बनाउने थलो पनि हो कानूनको मर्यादा गर्ने थलो पनि हो त्यसैले आज नेपाली कांग्रेस तथा अन्य दलले पनि यो कुरा उठाएको छ केही गैरकानूनी कुराहरु संसदमा उठिराखेका कारणले हाम्रो यसमा आपत्ती छ माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक बर्ष २०७८/०७९ को बार्षिक बजेट ल्याउनका लागि प्रदेश सभा सचिवालयमा दर्ता गरेको सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश नेपालको संविधानको धारा २०२ र सुदूरपश्चिम प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १४ को प्रक्रिया नपुगाइ बजेट ल्याएकाले यो असंवैधानिक छ यस कारण नेपाली कांग्रेस विरोध गर्दछ । धन्यवाद
सहयेग गरौ न माननीय सदस्यहरु कुरा सुनियो संसदले कुरा सुन्यो, सरकारले पनि कुरा सुनेको छ यसमा परामर्श समितिको बैठकमा छलफल गरौ अब यो समय पनि छोटो छ त्यसो भएको हुनाले आजको बैठकलाई अगाडी बढाउनको लागि सहयोग गरिदिन हुन म अनुरोध गर्दछु ।

**माननीय सदस्यहरु,**

यहाँहरुले उठाउनु भएको आवाज हिजो अस्थि देखि आइरहेको छ संसदले त्यसलाई सुनिरहेको छ अनि सरकार सँग बसेर छलफल गर्ने बिचारमा छौ त्यसो भएको हुनाले आजको यो बैठक सञ्चालन गर्नमा सहयोग गरिदिन हुन म अनुरोध गर्दछु र यो बैठक पछि त्यस विषयमा कानून संवत ढंगले के हुन्छ कसरी अगाडी बढ्छ त्यस विषयमा तपाई हामी सबै बसेर छलफल गर्न सकिन्छ त्यसको निचोड निकाल्न सकिन्छ त्यसैले म पुन: मैले आग्रह गरे यो आजको बैठकलाई सुचारु रुपले सञ्चालन गर्नको लागि सहयोग गरिदिन हुन म अनुरोध गर्दछु ।

**माननीय सदस्यहरु,**

आजको बैठक सुचारु रुपले सञ्चालन हुन सकेन त्यसैले आजको बैठक यही स्थगित हुन्छ र बाँकी छलफल मिति २०७८ साल आषाढ ११ गते शुक्रबार दिनको २:०० बजे हुने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।